मालारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८२/०८३
चलानी नम्बर :

## सिँचाई कार्यक्रम कार्यन्वयनका लागि पाइप माग सम्बन्धी सूचना।

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२।०५।१९

मालारानी गाउँपालिकाको आ.व.०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सिँचाईको पाइप मागका लागि ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/व्यवसायिक कृषि फर्मले यो सूचना प्रकाशन मितिले १५ दिन (२०८२।०६।०२) गते भित्र यस कार्यालयमा निवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रीत नपुगी आएका वा म्याद नाघी प्राप्त निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गरिन्छ।

तपसिलः

| क्र.स | कार्यक्रमको नाम | अनुदानको सिमा | वितरण गरिने सामाग्री | संचालन मापदण्ड |
|---|---|---|---|---|
| १. | सिँचाई पाइप खरिद | ५० % अनुदान | पोलिथिन पाइप | कृषक/कृषि फर्म/ कृषक समुह/कृषि सहकारी र सिँचाइसँग सम्बन्धित समितिहरुलाई प्राविधिक फिल्ड अनुगमन पश्चात आवश्यकताको आधारमा कार्यक्रममा सहभागी गराईनेछ। |

आवश्यक कागजातहरुः

१. प्रस्तावकको पाइपको साईज र परिमाण खुल्ने निवेदन।
२. नागरिकताको प्रतिलिपि।
३. जग्गा धनि दर्ता प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौताको प्रतिलिपि।
४. सिँचाईका लागि पाइप प्रयोग गरिने स्थानको १ प्रति रंगिन फोटो।
५. समूह/ सहकारी र समितिको नविकरण गरेको दर्ता प्रमाणपत्रको प्रतिलिपि। (फर्म दर्ता नभएको व्यक्तिको हकमा आवश्यक नपर्ने)।
६. समूह/ सहकारी र समितिको हकमा पाइप माग गर्न गरिएको निर्णयको प्रतिलिपि। (फर्म दर्ता नभएको व्यक्तिको हकमा आवश्यक नपर्ने)।
७. वडा कार्यालयको सिफारिस पत्र।

२०८२/५/१९
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत